## वित्तीय सहायता कार्यक्रम

मेडिना शल्यक्रिया केन्द्रले तपाईंको वित्तहरूको कारणले अनपेक्षित चिकित्सा समस्याहरूको कठिनाईको पहिचान गर्दछ। हामी यहाँ मद्दतका लागि छौं जसले गर्दा बिरामीहरूले संघीय तथा राज्य कार्यक्रमहरूबाट चिकित्सा लाभहरू प्राप्त गर्न सक्नु हुन्छ। हामीले तपाईंको शल्यक्रिया बिल भुक्तानीमा मद्दत मिल्न सक्ने स्रोतहरू फेला पार्न तपाईंलाई सहायता गर्न चाहन्छौं। खास गरी, बीमा नभएका प्रत्येक बिरामी छूटहरूका लागि योग्य हुन्छन्।

## बिरामी र तिनीहरूको परिवारका लागि आर्थिक मद्दत

हामीले अबीमाकृत र बीमा पूरा नभएका बिरामीहरूलाई वित्तिय सहायता उपलब्ध गराउँछौं। मेडिना शल्यक्रिया केन्द्रद्वारा प्रदान गरिएको नि:शुल्क सेवा हो। हामी यहाँ बिरामीहरूले संघीय र राज्य कार्यक्रमहरूबाट मेडिकल लाभहरू प्राप्त गर्न सकून् भनेर सहायताका लागि तयार छौं। यदि तपाईं आज तपाईंको केही वा शल्यक्रिया बिल भुक्तान गर्न सामर्थ्य हुनुहुन्न भने, मेडिना शल्यक्रिया केन्द्रले:

- तपाईंलाई आफ्नो शल्यक्रिया बिलहरू भुक्तान गर्न कहाँ र कसरी सहायता प्राप्त गर्न सक्नुहुनेछ भनी बताउनेछ।
- तपाईं योग्य हुनुभएका कार्यक्रमहरू फेला पार्न तपाईंलाई सहायता गर्नेछ।
- तपाईंका आवश्यकताहरूसँग मेल खाने राज्य कार्यक्रमहरूका लागि तपाईंलाई साइन अप गर्न मद्दत गर्नेछ।

तपाईंको आम्दानीको आधारमा, तपाईं निम्नका लागि योग्य हुन सक्नुहुनेछ:

- नि:शुल्क स्याहार
- छूटहरू
- बिना ब्याज भुक्तानी अवधि

हामी बुझ्दछौं कि सबैले स्वास्थ्य सेवाहरूको लागि भुक्तान गर्न सक्दैनन्। हामी यहाँ अबीमाकृत वा बीमा हुन लागेकालाई विकल्पहरू र सहायता गर्न र बिरामीको सल्लाहकार रूपमा काम गर्छौं।

## वार्षिक संघीय गरिबी निर्देशिकाहरू

यदि बिरामीले उपलब्ध संघीय आवश्यकता कार्यक्रमहरूको लागि मापदण्ड पूरा गर्नुहुन्न भने, मेडिना शल्यक्रिया केन्द्र बिरामीलाई संघीय गरिबी निर्देशका (Federal Poverty Guidelines) को आधारमा स्लाइडिङ स्केल प्रयोग गरेर छूट प्रदान गर्नेछ। प्रत्येक वर्ष तिनीहरू संघीय रजिष्टरमा प्रकाशन भएको मितिमा संघीय गरिबी निर्देशिका लागू हुन्छ। कुनै पनि मितिमा भएको सेवा वा त्यसपश्चात् भएको योग्यताको लागि नयाँ निर्देशिकाहरू अनुसार मिति फैसला गरिनुपर्छ। त्यो मितिको पूर्वका सेवा मितिहरू पुरानो निर्देशिकाहरूद्वारा फैसला गरिनुपर्छ। यू.एस. स्वास्थ्य तथा मानव सेवा विभागद्वारा प्रकाशित हालको र अघिल्लो वर्षको निर्देशिकाहरू हेर्न **http://aspe.hhs.gov/poverty/**मा जानुहोस्।

- संघीय गरिबी निर्देशिका (Federal Poverty Guidelines) मा दिएको भन्दा दोब्बर कमाउने कुनै पनि व्यक्तिलाई हामी नि:शुल्क स्याहार उपलब्ध गराउछौं।
- संघीय गरिबी मार्गदर्शनहरू (Federal Poverty Guidelines) मा दिएको भन्दा चार गुना कमाउने कुनै पनि व्यक्तिलाई हामी धेरैभन्दा धेरै छूटमा स्याहार उपलब्ध गराउछौं।
- संघीय गरिबी मार्गनिर्देशनहरू (Federal Poverty Guidelines) मा दिएको भन्दा चार गुनाभन्दा धेरै आम्दानी भएका बिरामीहरूका लागि व्यापारिक भुक्तानकर्तासँग हामीले गरेको सहमतिमा हामीले छूट उपलब्ध गराउँछौं।

मेडिना शल्यक्रिया केन्द्रले बेड देखि बिलिङ अफिससम्म आउँदासम्म सबै बिरामीहरूलाई करूणा, इज्जत र सम्मानका साथ व्यवहार गर्छ।

प्रारम्भिक पहिचान र आवेदन प्रक्रियाको प्रारम्भमा सुविधा दिनका लागि पूर्व-भर्ना र दर्ताप्रक्रियाको अवधिमा आवेदन फारामहरू उपलब्ध गराइएका हुन्छन्। यदि तपाईंलाई फाराम पूरा गर्न सहायताको आवश्यकता छ, प्रश्नहरू छन्, वा बिरामीको प्रतिनिधिसँग प्रत्यक्ष कुरा गर्न चाहनुहुन्छ भने, कृपया हाम्रो भर्ना कार्यालयमा फोन गर्नुहोस्। हामी मद्दत गर्नको लागि यहाँ छौं। यदि तपाईंसँग आफ्नो भुक्तान क्षमता वा उपलब्ध कार्यक्रमहरू बारे प्रश्नहरू छन् भने, कृपया कल गर्नुहोस्। हामी वैयक्तिक आवश्यकता र परिस्थितिहरू पूरा गर्नको लागि मद्दत गर्न प्रत्येक बिरामीसँग काम गर्छौं।

मेडिना शल्यक्रिया केन्द्रको वित्तिय सहायता कार्यक्रम, भुक्तान व्यवस्थापन, बीमा कभरेज, मेडिकयर र अन्य वित्तिय जिज्ञासाहरूका सम्बन्धमा तपाईंको प्रश्नहरूको उत्तर दिन हाम्रो भर्ना टोली उपलब्ध छ।

वित्तीय सहायता बारे थप जानकारीका लागि, कृपया (330) 952-0014 मा फोन गर्नुहोस्।